Ofsted
raising standards
improving lives

# स्कुलको निरीक्षण

आमा–बा र अभिभावकहरूको लागि मार्गदर्शिका

---

## अफ्स्टेडले स्कुलहरूमा निरीक्षण किन गर्दछ?

हामीले स्कुलहरूको निरीक्षण बाबु–नानीहरूको आमा–बालाई जानकारी गराउनको लागि, सुधारलाई प्रोत्साहन दिनको लागि तथा स्कुलहरूले पाएको अभिभावकहरूको लगानीप्रति उनीहरूलाई उत्तरदायी बनाउनको लागि गर्दछौं। यी स्कुल निरीक्षणहरू कानुनी रूपमा जरुरी हुन्। हामीले स्कुलहरूमा दिइने शिक्षाको गुणस्तरको मूल्यांकन स्वतंत्र रूपमा गर्दछौं। साथै यो जाँच्ने गर्दछौं कि विद्यार्थीहरूले आशातित उपलब्धि पाएका छन् कि छैनन्।

## निरीक्षण कहिले गरिन्छ र यस्ता निरीक्षणहरू कति बेरसम्म चल्छन्?

हामीले स्कुलहरूको निरीक्षण तीन वर्षमा कम्तिमा एकपटक गर्दछौं। धेरैजसो स्कुलहरूले निरीक्षणको दुई दिन पहिलामात्र आफ्नो निरीक्षणबारे सुचना पाउँछन्। निरीक्षण एक वा दुई दिनसम्म गरिन्छ।

## स्कुलहरूको निरीक्षण कस्ले गर्दछ?

स्कुलको निरीक्षण महारानीका निरीक्षकहरू (HMI) र थप निरीक्षकहरू (AI) ले गर्दछन्। सबै निरीक्षकहरू प्रशिक्षित र हाम्रो स्तरानुरूप जाँचिएका हुन्छन्।

## निरीक्षण हुँदा के हुन्छ?

निरीक्षकहरूले स्कुलले गरेको स्व–मूल्यांकनको अध्ययन गर्दछन्, र विद्यार्थीहरूको परिणाम तथा उनीहरूको विकासको विश्लेषण गर्दछन्। उनीहरूले मुख्याध्यापक, गभर्नरहरू, स्टाफ र विद्यार्थीहरू तथा तपाईं र तपाईं जस्ता आमा–बा वा अभिभावकहरूसँग छलफल गर्दछन्। उनीहरूले केहि पाठहरूलाई नियाल्दछन् र स्कुलको नेतृत्व र व्यवस्थापन कतिको राम्रो छ भनी अवलोकन गर्दछन्।

## मैले आफ्नो बिचारहरूलाई कसरी पुऱ्याउन सक्छु?

यदि तपाई स्कुलमा पढ्ने कुनै बाबु–नानीको दर्ता भएको आमा–बा हुनुहुन्छ भने स्कुलले तपाईंलाई एउटा चिठी पठाउनेछ। तपाईंले त्यससँग एउटा प्रश्नमाला पाउनुहुनेछ। तपाईंले त्यस प्रश्नमालालाई भरेर र स्कुलमा स्कुलको निरीक्षण दललाई त्यो फर्काएर हामीलाई आफ्नो बिचार हामीसम्म पुऱ्याउन सक्नुहुन्छ। निरीक्षकहरूले निर्णयहरू लिंदा ती बिचारहरूबाट मद्दत लिनेछन्। प्रश्नमाला हुन त गोप्यनै हो तर यदि कुनै प्रतिक्रियामा बाबु–नानीको सुरक्षाबारे मुद्दा उठ्यो भने निरीक्षकहरूले त्यसबारे जानकारी अघि सार्न सक्छन्।

## के मैले निरीक्षकहरूसँग कुरा गर्न पाउँछु?

निरीक्षणको समयमा तपाईंले निरीक्षकहरूसँग कुराकानी गर्न अवसर पाउन सक्नुहुनेछ। तपाईंले त्यसदिन सुरुवातमै आफ्नो कुरा भन्न सक्नुहुन्छ। यदि तपाईं उनीहरूसँग निजी कुराकानी गर्न सक्नुहुन्न भने तपाईंको कुरा निरीक्षण प्रशासकहरूले पनि निरीक्षक दलसम्म पुऱ्याई दिन्छन्। उनीहरूसँग संपर्क कसरी गर्ने संबंधी जानकारी तपाईंले निरीक्षणको जानकारी दिने चिठीमा पाउनुहुनेछ। कृप्या यो कुराको ख्याल गर्नुहोला निरीक्षकहरूले कुनै विद्यार्थी विशेषको संबंधमा गुनासोको निराकरण गर्न सक्दैनन् अथवा तपाईं र स्कुलबीच परेको कुनै विवादको समाधान गराउन सक्दैनन्।

## निरीक्षण सिद्धिएपछि के हुन्छ?
हामीले स्कुलहरूलाई समग्र रूपमा 1 देखि 4 भित्र एउटा ग्रेड दिन्छौं :

- ग्रेड 1 (साह्रै राम्रो)
- ग्रेड 2 (राम्रो)
- ग्रेड 3 (संतोषजनक)
- ग्रेड 4 (अपुग)।

मुख्य निरीक्षकले आफ्नो निर्णय मुख्याध्यापक र गभर्नरहरूलाई रिपोर्ट गर्दछ। निरीक्षकहरूले थाहा पाएका कुराहरूलाई स्कुल, आमा–बा र समाजको लागि प्रकाशित गरिन्छ। निरीक्षक रिपोर्टहरूमा स्कुलका कार्यहरूको प्रभावकारिताको जाँच गरिन्छ र त्यसको सुधारको लागि जरुरी सिफारिस दिइएको हुन्छ। स्कुलले आवश्यक रूपमा यस रिपोर्टको एक प्रति तपाईंलाई सुम्पिनको लागि जरुरी पाइलाहरू चाल्नुपर्दछ। रिपोर्टमा विद्यार्थीहरूलाई संबोधन गरि एउटा चिठी सामेल हुन्छ। त्यसभित्र उनीहरूलाई यो जानकारी दिएको हुन्छ कि निरीक्षकहरूले स्कुलबारे के सोचेका थिए र स्कुललाई सपार्न उनीहरूले के गर्न सक्छन्। रिपोर्टहरू हाम्रो वेभसाईट: www.ofsted.gov.uk/reports मा पनि प्रकाशित गरिन्छन्।

## यदि अफस्टेडले स्कुललाई 'अपुग' हुने निर्णय दियो भने के हुन्छ?
स्कुललाई निरीक्षकहरूबाट अपुग ठहऱ्याइयो भने स्कुललाई तल लेखिएका दुई श्रेणीहरू मध्ये एउटा भित्र राखिनेछ।

विशेष उपायहरू
स्कुलले आफ्नो विद्यार्थीहरूलाई शिक्षाको स्विकृत स्तर प्रदान गर्न सकेको छैन। साथै, त्यसले आवश्यक सुधारसम्म पुग्ने क्षमता पनि देखाएको छैन। निरीक्षकहरू यस्तो स्कुलमा निरन्तर जानेछन् र त्यसको विकासको जाँच गर्नेछन्। यस्तो जाँचहरू त्यति बेलासम्म जारी रहनेछन् जहिले सम्म स्कुललाई यस्तो श्रेणीबाट बाहिर निकालिंदैन। हामीले त्यसको पुनर्निरीक्षण लगभग दुई वर्ष पछि फेरि गर्नेछौं।

सुधारबारे सुचना
अर्थात् कि त :
- स्कुलले आफ्नो विद्यार्थीहरूलाई शिक्षाको स्विकृत स्तर प्रदान गर्न सकेको छैन। तर त्यो सँग सुधारको लागि आवश्यक क्षमता छ; अथवा
- स्कुल असफल भएको छैन तर त्यसले हाम्रो अपेक्षा नाघि ज्यादै कमसल प्रदर्शन गरेको छ।

यदि हामीले सुधार संबंधी सुचना दियौं भने स्कुलमा निरीक्षकले त्यस स्कुलमा जाँचको लागि निरीक्षण गर्नेछ र एक वर्षपछि त्यसको पुनर्निरीक्षण हुनेछ।

## निरीक्षणबारे मलाई केहि सोध्न मन लाग्यो भने मैले के गर्नुपर्दछ?
गुनासोहरू कहिलेकाहीं मात्र देखा पर्छन् तर गुनासो सुनेपछि हामीले त्यसलाई गंभीरतासाथ लिन्छौं। तपाईंले थप जानकारी हाम्रो वेभसाईट www.ofsted.gov.uk मा अथवा हाम्रो हेल्पलाईन फोन नंबर 08456 404045 मा फोन गरेर पाउन सक्नुहुन्छ।

यदि तपाईंले हाम्रो कार्यक्रमबारे थप जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने कृप्या हाम्रो वेभसाईट हेर्नुहोला अथवा हाम्रो हेल्पलाईन फोन नंबरमा कल गर्नुहोला।

## यदि मसँग मेरो छोरा/छोरीको स्कुलबारे केहि कुरा छ भने मैले के गर्नुपर्दछ?
यदि तपाईंसँग आफ्नो बाबु–नानीको स्कुलको संबंधमा केहि कुरा छ भने तपाईंले त्यसबारे शिक्षकहरू वा मुख्याध्यापक वा आवश्यक परेमा संचालक संस्था वा स्थानिय अधिकारीहरूसँग कुरा गर्नुपर्दछ। यदि तपाईं प्रतिक्रियाहरूदेखि संतुष्ट हुनुहुन्न भने अफस्टेड ले तपाईंको मद्दत गर्न सक्छ।

तपाईंले हाम्रो वेभसाईट हेरेर वा हामीलाई हाम्रो हेल्पलाईन फोन नंबरमा कल गरेर थप जानकारीहरू पाउन सक्नुहुन्छ।

Alexandra House
33 Kingsway
London WC2B 6SE
हेल्पलाईन: 08456 404045
**www.ofsted.gov.uk**
संदर्भ संख्या 070015

© सर्वाधिकार सुरक्षित 2007

यो प्रपत्रमा चलिराखेका स्कुलहरूको संदर्भ दिएको छ। यी स्कुलहरू ती हुन् जसमा यस्ता अकादमीहरू पनि सामेल छन् जुन सार्वजनिक लगानीमा संचालित छन्।